# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक इकाइको

# बार्षिक प्रतिवेदन २०७८/०७९

## परिचय

ः जिल्ला सदरमुकाम देखि दक्षिणी भेगमा अवस्थित दिप्रुङ चुईचुम्मा गाउँपालि ७ वटा वडाहरु समेटिएर बनेको छ। ालिकाको ७ वटा वडाहरुमा कुल २२३८७ जना जनसंख्या रहेकोमा पुरुष ११५१६ र महिला १०८७० जना जनसंख्या छ। जुन प्रतिशतमा ४८.५५ प्रतिशत महिला र ५१.५५ प्रतिशत पुरुष को जनसंख्या रहेको छ। वडागत रुपमा ःहरुको जनसंख्या अनुसूची १ मा राखिएको छ। गाउँपालिकाको पार्श्व चित्र अनुसार गाउँपालिकाको १५ बर्षभन्दा ा बालबालिकाको संख्या ६ हजार ७ सय १० ) र सोहि पार्श्वचित्रको आधारमा ६० बर्षभन्दा माथीको जनसंख्या २ १ सय २१ रहेको छ। गाउँपालिकाले सामाजिक समानता तथा लैंगिक समावेशीकरण लाई मूल मन्त्रको रुपमा लिएर तथा कार्यक्रम र बजेटको समेत अवधारण लिएको छ। समतामूलक कार्यक्रमहरु निर्माण तथा समानता कायम गरी क्षेत्र र हरेक समुदायको समृद्धि र विकासमा गाउँपीलका सजग रहेको छ।

## ाउँपालिकाको नीति तथा कार्यक्रम

### महिला तथा बालबालिका

गाउँपालिकाको आ.व २०७८/०७९ को स्वीकृत नीति तथा कार्यक्रम

"हामी दिप्रुङ चुइचुम्माली, ल्याउछौं समृद्धि अनि खुशीयाली" भन्ने नारालाई आत्मासात गर्दै "समृद्धिको पहिलो आधार शिक्षा र मानिसको पहिलो गुरु आमा" भएकोले गाउँपालिकाभित्र बसोबास गर्ने सबै नागरिक शिक्षित हुनुपर्छ भन्ने अवधारणा अन्तर्गत पहिलो चरणमा गाउँपालिका भित्रका कक्षा ११ र १२ अध्ययनरत र अध्ययन गर्न चाहने बुहारीहरुलाई निःशुल्क शिक्षाको अवसर जुटाउने नीति लिइनेछ।

किशोरावस्थामा उच्च संवेगात्मक आवेगको निर्णयले समाजमा पार्ने असरप्रति सजगता अपनाउदै गाउँपालिकाले किशोर किशोरी लक्षित प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

टोल-टोलमा छरिएर रहेका आमा समुहहरुलाई सहकारी दर्ता गरी संस्यागत रुपमा सञ्चालन गर्न प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिइने छ।

उचमशिलता विकासका लागि महिलाहरुलाई व्यवसायिक र आय मुलक कार्यक्रम ढाका बुनाई, अल्लो बुनाइ सिलाई कटाई,कृषि उपज, घरेलु उद्योग सम्वन्धी तालिम सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।

गाउँपालिका भित्रका उच्च जोखिममा परेका गर्भवती महिलाहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै त्यस्ता महिलाहरुको उद्धारका लागि गाउँपालिकामा "गाउँपालिका सुरक्षित मातृत्व कोष" खडा गरिनेछ। जसको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

महिला, बालवालिका र फरक क्षमताका व्याक्तिप्रति गरिने हिंसा न्युनिकरण सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दैजनचेतना मुलक होडिङ वोर्डहरु राख्ने कार्यलाई निरन्तरता दिइनेछ।

एकल तथा विपन्न महिला जीवीकोपार्जन कार्यक्रमलाई निरन्तरता दिईने छ।

महिला, दलित, अपाङगलाई करार सेवामा आरक्षण कोटाको व्यवस्था गरिने छ।

हरेक विकास आयोजनामा महिलाको समान सहभागिता गराईने छ।

वाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि २०७६ कार्यन्वयन गरिने छ। जसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

वाल क्लव गठन अभियान सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।

१८ वर्ष मुनिका वालबालिकाहरुको तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ। जसको लागि आवश्यकीय बजेटको व्यवस्था गरिनेछ।

त्यसको लागि गाउँपालिका स्तरीय वालकोष स्थापना गरिनेछ।

बाल अधिकार सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै लगिने छ।

CamScanner

विपन्न, दलित, अपाङग, तथा फरक क्षमता भएको बालबालिकाका पहिचान गरि आवश्यक शैक्षिक सामग्री वितरण गर्ने नीति लिईने छ।

## जेष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति

एकिकृत सामाजिक सुरक्षा योजना प्रभावकारी र पारदर्शी बनाइनेछ।
फरक क्षमता भएका नागरिकहरुलाई आवश्यकता अनुसार सहायक सामाग्रीहरु उपलब्ध गराइनेछ।
फरक क्षमता भएका नागरिकहरुको पहिचान गरी जिविकोपार्जनका लागि क्षमता तथा सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ।
भिन्न क्षमता भएका व्यक्तिहरुको जिविकोपार्जन सम्बन्धी व्यावसायिक तालिम सञ्चालन गरिने छ।
जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई रुपान्तरित रुपमा सञ्चालन गरिने छ।
६५ वर्ष नाघेका गाँउपालिकाका जेष्ठ नागरिकहरुलाई गाँउपालिकाले परिचय पत्र वितरणलाई निरन्तरता दिईने छ।
ज्येष्ठ नागरिकहरुलाई उपचारको लागि जिल्ला बाहिर लानु परेमा आवतजावत( सार्वजनिक वस भाडा) खर्चको सहयोग गर्ने नीति लिईएने छ।

## सामाजिक सेवा तथा समावेशी प्रवर्द्धन

- गाउँपालिका भित्रका युवा, महिला, दलित, फरक क्षमता भएका समुदायहरुलाई लक्षित गरी सीपमुलक तालिम तथा उद्यमशीलताको विकास गरी आत्मनिर्भरका कार्यक्रमहरु संचालन गरिने छ।
- ६५ वर्ष नाघेका गाँउपालिकाका जेष्ठ नागरिकलाई निशुल्क यातायात सुविधा कार्यलाई थप गरी गाउँपालिका देखि गाइघाट - दिक्तेल सम्म सुविधा दिने कार्यलाई निरन्तरता दिइने छ।
- जनताको अधिकारका निमित शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्मानमा शहीद स्मृति पार्क निर्माण र अन्य रचनात्मक कार्यहरु संचालन गर्ने नीति लाई निरन्तरता दिइने छ।
- दलित र अल्पसंख्यक समुदायका व्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

### क्रमहरु

ुइचुम्मा गाउँपालिकाको कार्यलयले उल्लेखित नीति तथा कार्यक्रमहरुको अधिनमा रहेर विभिन्न कार्यक्रमहरु संचालन गरेको छ। क सहिष्णुता , एकता कायम गर्नका लागि समाजमा विपन्न , गरिब , सीमान्तकृत तथा पछाडी परेको वर्ग, लिङ्ग तथा समुदायलाई र गरी विनियोजित तथा आयोजित कार्यक्रमहरु यो वर्ष ९० प्रतिशत कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमहरुको विस्तृत विवरण २ मा रहेको छ।

### ाकलापहरु

नकाले लक्षित वर्ग विशेषको कार्यक्रम प्रभावकारी कार्यन्वयनका लागि तपसिल बमोजिमका क्रियाकलापहरु संभाचन गरेको छ।

गाउँपालिकाले वास्तविक लक्षित वर्गसम्म कार्यक्रम प्रभावकारी रुपमा पुऱ्याउनका लागि गाउँपालिकास्तरिय महिला विकास समन्वय तथा समिति गठन गरि कार्यक्रम निर्माण , संचालन र समीक्षात्मक वैठकहरुको संचालन।
महिलाहरुलाई सीपमूलक कार्यक्रमहरु संचालन गरि आत्मानिर्भरता तर्फ अग्रसर गराइएको। वडा नं १, २, ३, ५,६ र ७ मा १०० जना महिला हरु ढाका बुन्ने तालिम लिएको साथै १४ जना महिलाहरुले प्रशिक्षण तथा व्यवसायिक रुपमा ढाका बुन्न सुरु गरेको। वडा नं ७ का १५ जना महिलाहरु अल्लोको कपडा बन्न सीपयुक्त भएको। साथै अन्य १० जना पनि केहि दक्षता हासिल गरेको।
वडास्तरिय महिलाको प्रजनन् स्वास्थ्य तथा महिला सक्तिकरण सम्वन्धि तालिम सम्पन्न भएको। प्रत्येक वडामा औसतका ७० जना महिलाहरुकको सहभागिता हुने गरेको।
महिला हरुको संस्था सुदुढिकरणका लागि आवश्यक भौतिक संरचनाहरु भवन, शौचालय हरुको निर्माण गरिएको।
सहकारीको अवधारण विकास तथा सहकारीमा महिलाहरुको प्रत्यक्ष संलग्नताका लागि सहकारी सम्बन्धी तालिम संचालन, सहकारी गठन तथा दर्तामा सहुलियती प्रदान गरिएको।

CamScanner

विपन्न तथा सीमान्तकृत महिलाहरुको लागि आर्थिक आत्मानिर्भर कार्यक्रमको लागि रु. ४ लाख ५० हजार बिउपुजीँ सीमान्तकृत समुदायलाई प्रदान गरिएको ।

गाउँघरमा हुने मनमुटाव सामान्य झै- झगडा नियन्त्रण र मेलमिलापद्वारा दिगो समाधानका लागि मेलमिलापकर्ताहरुको उत्पादन को लागि आधारभुत तालिम संचालन गरिएको ।

महिलाहरुमा खेलकुदको भावना जागृत तथा उत्प्रेरणाका लागि महिला लक्षित खेलकुद सामाग्री वितरण तथा खेलमैदानहरुको संरचना निर्माण गरिएको ।

विद्यालयमा महिलामैत्री वातावरण निर्माणमा टेवा पुऱ्याउन सेनिटरी भेन्डिङ मेसिन जडान गरिएको ।

**ब्धिहरु**


- ३० जना महिलाहरु व्यवसायिक रुपमा ढाका बुन्न सफल ।
- २५ जना मेलमिलाप कर्ताहरु उत्पादन ।
- १ सहकारी पूर्ण रुपमा दर्ता भई संचालन अन्य महिला सहकारी हरु गठन तथा संचालनमा तयारीमा रहेको ।
- ७ वडामा महिला संजालहरुको फर्निचर र शौचालय सहितको भौतिक संरचनाको निर्माण ।
- अल्लोको कपडा निर्माण सुरु ।
- खेलकुदमा महिलाको सहभागितामा वृद्धि ।
- शिशुमृत्युदर, बालमृत्युदर, मातृमृत्युदरमा कमी ।
- सरसफाई तथा स्वास्थ्यमा केन्दित आमाहरुको वृद्धि ।
- महिलाहरुको संस्थागत सहभागितामा वृद्धि ।

CamScanner


## ७. कार्यक्रमका फोटाहरु

नन् स्वास्थ्य तथा महिला ससक्तिकरण सम्बन्धी तालिम







ौं अन्तराष्ट्रिय नारी दिवस






CamScanner

का बुनाइ तालिम र तालिमको अनुगमन









ष्टि आमा समुह सामुहिक नमुना कृषि खेति





कारी सम्बन्धी आधारभुत तालिम





## गाउँपालिकामा अपाङगता भएका व्यत्तिहरुको अवस्था र गाउँपालिकाद्वारा गरिएका कार्यक्रमहरु

ालिकाको सातैवटा वडामा पूर्ण रुपमा असक्त भई 'क' वर्गको परिचयपत्र पाउने जम्मा ७२ जना रहेको छ। जसमा ना महिला र ३९ जना पुरुष रहेको छ। त्यस्तै अति असक्त अपाङ्गता ख वर्गको परिचयपत्र पाउने जम्मा ८५ मध्ये ३२ जना महिला र ५३ जना पुरुष रहेको छ। गाउँपालिकाका अपाङगता भएका व्यत्तिहरुको विवरण ूचीमा राखिएको छ। गाउँपालिकाले गाउँपालिका उपाध्याक्षको संयोजकत्वमा पालिकास्तरिय अपाङगता समन्वय ि गठन गरी अपाङ्ता परिचयपत्र वितरण गर्ने , अपाङगता लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन अनुगमन गरिएको छ।

## अपाङगता लक्षित कार्यक्रमहरु र कार्यक्रमका क्रियाकलापहरु

ालिकाले अपाङगता भएका व्यत्तिहरुलाई लक्षित गरेर पसिल बमोजिमका कचार्यक्रमहरु संचालन गरेको छ।

| | कार्यक्रमको नाम | क्रियाकलापहरु | उपलब्धि |
|---|---|---|---|
| | मुढा बनाउने तालिम | • मुढा बनाउने एक हप्ताको तालिम संचालन गरेको<br>• वडागत २/२ जना सहभागी भएका<br>• स्थानिय स्तरमा भएको बाँसको प्रयोग गरिएको | • आार्थिक आत्मानिर्भर<br>• स्थानिय स्रोत साधनको खपत |
| | अगरवत्ती बनाउने तालिम | • एक हप्ताको तालिम संचालन | • अपाङगता भएका व्यक्तिहरु सीपमूलक /आत्मानिर्भर भएको |
| | सहायक सामागीहरुको वितरण | • पूर्ण रुपमा दृष्टिविहिन, सुनाइमा समस्या भएका,हिडाइमा समस्या भएका व्यत्तिहरुलाई सहायक सामाग्री वितरण<br>• ११ जनालाई इयर हेड वितरण<br>• ११ जनालाई वैशाखी वितरण<br>• १५ जनालाई सेतो छडी र चस्मा वितरण | • अपाङ्गता भएका व्यक्तिहरुको दैनिक जीवनयापन सरल र सहज। |
| | प्लाष्टिक टनेला वितरण | • ३४ जनालाई प्लाष्टिक टनेला वितरण | • आत्मानिर्भर र आर्थिक लाभ। |

## ज्येष्ठ नागरिक

ालिकाकामा ६० वर्षभन्दा माथिका जनसंख्या गाउँपालिकाको पाश्र्व चित्रानुसार २०१२१ जना रहेको छ। जसमा ालिकाले ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई निशुल्क ात सेवा घरदैलो कार्यक्रम संचालन गरेको छ। गाउँपालिकाले पालिकादेखि गाइघाट र पालिकादेखी दित्तेलसम्म क यातायात सेवा संचालन गरेको थियो।

CamScanner

**कार्यक्रम संचालनका समस्याहरु**

र्यक्रमहरु योजना तर्जुमा मुर्त रुपमा समयमै नहुनु ।

हिला समुह, आमासमुहहरु दर्ता नगरि अव्यवस्थित रुपमा संचालन हुनु ।

क्षित समुहहरुभित्रको वास्तविक लक्षित समुहसम्म नपुग्नु ।

ोप तमलिम लिएर त्यसलाई निरन्तरता तथा व्यवसायिक हुन नसक्नु ।

**समस्या समाधानका उपायहरु**

नप्रतिनीधिहरु, कर्मचारीहरु र लाभग्राहीहरुप्रति समन्वय, सहकार्य को आवश्यकता ।

स्तविक लाभग्राही छनौटमा सरोकारवालाहरुको चासो र निष्पक्षता ।

ाडी परेका वर्ग तथा समुदायको जनचेतना तथा ससक्तिकरणका लागि प्रविधिमूलक र वर्तमान समयसापेक्ष तालिम सीप विकासको तालिम संचालन।

ार्याक्रमको निरन्तर अनुगमन तथा पृष्ठपोषण ।

त समयको समिक्षा सँगै अनुकरणीय कार्यहरुको निरन्तरता र सुधार ।

## निष्कर्ष :

ालिकाको कार्यालयले हरेक वर्ष लक्षित वर्ग विकासका लागि वार्षिक रुपमा वजेट विनियोजन तथा कार्यान्वयन को छ । यस्तो कार्याक्रमले लक्षित वर्गको विकासमा महत्वपूर्ण भुमिका रहेको छ । महिला ससत्तिकरण, सवै स्थानिय रका निकाय तथा कार्यालयहरुमा सवै वर्गको पहुँच योजना तथा विकास निर्माणमा वढ्दो सहभागिता यी सवको जड क्षित वर्गविकासका कार्याक्रमहरु हुन् । यसलाई अझ लक्षित वर्ग भित्र पनि सूक्ष्म रुपमा अध्ययन गरेर वास्तविक व्यक्तिहरुको वीचमा कार्यक्रम कार्यान्वयन उचित समयमा गर्न सके शतप्रतिशत उपलब्धि हासिल गर्न सकिन्छ ।

अनुसूची १

। जनसंख्या (महिला )

| नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| | १५४६ | १४६४ | ३०११ |
| | १५३२ | १४६९ | ३००१ |
| | १४२० | १३०७ | २७२७ |
| | २०१६ | १९५७ | ३९७३ |
| | १५२२ | १४५१ | २९७३ |
| | १२३१ | १०९५ | २३२६ |
| | २२४९ | २१२७ | ४३७६ |
| - | ११५१६ | १०८७० | २२३८७ |

(स्रोत : गाउँपालिका पार्श्व चित्र, दिप्रुङ चुईचुम्मा गाउँपालिका)

## अनुसूची २

आ.व २०७८/०७९मा संचालित कार्यक्रमहरु

| क्र.नं | प्रस्तावित कार्यक्रमको नाम | बजेट | | भएको | नभएको |
|---|---|---|---|---|---|
| | | अक्षरमा | अंकमा | | |
| | महिला सहकारीलाई अनुदान र तालिम | ३ लाख ५० हजार | ३५०००० | भएको | |
| | महिला भवनमा शौचालय निर्माण | १० लाख ५० हजार | १०५०००० | भएको | |
| | सीपमुलक तालिम ( ढाका बुनाई ६ वटा वडामा ) | ६ लाख | ६००००० | भएको | |
| | क्षमता विकास तालिम (वडा स्तरिय) | २ लाख ५० हजार | २५०००० | | नभएको |
| | मिल वितरण | ४ लाख | ४००००० | भएको | |
| | भण्डारेघाटमा महिला लक्षित भलिवल मैदान निर्माण | १ | १००००० | भएको | |
| | मागमा आधारित दलित लक्षित मेसिन खरिद तथा वितरण | १ लाख | १००००० | | नभएको |
| | बाल क्षमता प्रष्फुटन / प्रदर्शनी | १ लाख ५० हजार | १५०००० | | नभएको |
| | अपाङ्गता भएका व्यक्तिहरु (लक्षित कार्यक्रम | १ लाख | १००००० | भएको | |
| | मेलमिलापकर्ता उत्पादन तालिम | ६ लाख ४० हजार | ६४०००० | भएको | |
| | अल्लोको कपडा मेसिन खरिद र कपडा बुन्ने तालिम | २ लाख | २००००० | भएको | |
| | सूचना तथा संचार | ५० हजार | ५०००० | | नभएको |
| | गर्भवती तथा सुत्केरी महिला तत्काल उद्दार कोष स्थापना | १ लाख | १००००० | | नभएको |
| | नारी दिवस (७ वटा वडामा ) | २ लाख १० हजार | २१०००० | भएको | |
| | महिला अधिकार शसक्तिकरण र प्रजनन् स्वास्थ्य सम्वन्धि तालिम | ३ लाख ४० हजार | ३००००० | भएको | |
| | किशोर अवस्थामा उत्पन्न हुने उच्च संवेगात्मक आवेग नियन्त्रण सम्वन्धि तालिम | ३ लाख | ३००००० | भएको | |
| | छोरम्बु वडा कार्यलयमा रहेको महिला भवन मर्मत | १ लाख | १००००० | भएको | |
| | जम्मा | | ५०००००० | | |

CS CamScanner

## अनुसूची-३

[illegible] सुरक्षा भत्ता प्राप्त गर्ने पूर्ण रुपमा अशक्त र अति अशक्त व्यक्तिहरुको विवरण

| विवरण | वडा नं १ | | वडा नं २ | | वडा नं ३ | | वडा नं ४ | | वडा नं ५ | | वडा नं ६ | | वडा नं ७ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| [illegible] | ४ | ६ | ५ | ७ | ८ | ७ | ३ | ६ | ५ | ४ | ० | २ | ८ | ७ |
| [illegible] | १ | ७ | ४ | १३ | ३ | ४ | ६ | ९ | ७ | ५ | ४ | ४ | ७ | ११ |

(स्रोत : पञ्जिकरण शाखा, दि.चु.गा.पा, २०७९ असार मसान्त ।

[illegible] ख ग र घ वर्गको परिचयपत्र प्राप्त विवरण

| विवरण | वडा नं १ | | वडा नं २ | | वडा नं ३ | | वडा नं ४ | | वडा नं ५ | | वडा नं ६ | | वडा नं ७ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु | म | पु |
| [illegible] | ५ | ६ | ३ | ४ | ० | ४ | ३ | २ | ० | ४ | ३ | ७ | २ | ५ |
| [illegible] | ० | १ | १ | ३ | ३ | १ | ० | १ | १ | १ | ० | ० | १ | ३ |

(स्रोत : गाउँपालिका पार्श्व चित्र, दिखुङ चुईचुम्मा गाउँपालिका)